मिति २०७७।०४।२३ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको २९ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

उपस्थितिः

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरूः

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धबबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धमा ।
३. होल्डिङ स्पेस र क्वारेन्टिनको व्यवस्थापन सम्बन्धमा ।
४. अत्यावश्यक सेवा सम्बन्धमा ।
५. विविध

निर्णयः

१. कोभिड-१९ जिल्लागत संरचनाको मिति २०७७।०४।१८ गते बसेको निर्णयहरू माथि समीक्षा गर्दा कार्यान्वयनको अवस्था प्रभावकारी रहेको पाइएकोले आगामी दिनहरूमा पनि सोहीअनुरुप निरन्तरता दिने ।
२. कोभिड-१९ को संक्रमण र महामारी फैलिन नदिन जिल्ला प्रशासन कार्यालयबाट प्रदान गर्दै आएको अत्यावश्यक सेवा बाहेक अन्य सेवाहरू मिति २०७७।०४।२५ गतेदेखि १५ दिनसम्मको लागि स्थगित गर्ने व्यहोराको सूचना जारी गर्ने ।
३. जिल्लास्थित संचालनमा रहेका सेवाहरूको नियमित अनुगमन गर्न स.प्र.जि.अ. को संयोजकत्वमा स्वास्थ्यकर्मी तीनवटा सुरक्षा निकायका प्रतिनिधि र वडा प्रतिनिधिसमेत रहने संयन्त्रले कोरोना संक्रमित संघ संस्था, निकाय र संगठनलाई सील गरी नागरिकलाई स्वास्थ्य सुरक्षाको प्रत्याभूति दिने ।
४. कोभिड-१९ संक्रमितहरूको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७ लागू गर्ने र सो मापदण्ड सर्वसाधारणको जानकारीको लागि वेभसाइटमा राख्ने ।
५. चाड पर्व जात्रा तथा उत्सवहरू मनाउदा पालना गर्नु पर्ने जनस्वास्थ्य मापदण्ड, २०७७ लाई पूर्णरुपमा पालना गर्ने/गराउने ।
६. कोरोना भाइरसको प्रभावकारी रोकथाम र नियन्त्रणका लागि सबै स्थानीय तहहरूमा उच्च प्राथमिकताका साथ क्वारेन्टिन संख्या बढाउन र व्यवस्थित बनाउन अनुरोध गर्ने ।